नगर कार्यपालिकाको कार्यालय गढी, दशरथ, बैतडी सुदूरपश्चिम प्रदेश, नेपाल

नरेन्द्र सिंह थापा
नगर प्रमुख

# दशरथचन्द नगरपालिकाको वालश्रम निवारण तथा निकृष्ट प्रकारको बालश्रम सहित सबै प्रकारका बालश्रम निवारणसम्बन्धी राष्ट्रिय गुरु योजना(२०७३ - २०८३)कार्यान्वयन निर्देशिका २०७५

प्रस्तावना :

नेपालको बढ्दो जनसंख्या, सहरीकरण, बेरोजगारी तथा गरिवीको कारण बालबीकाहरु बाल श्रममा संलग्न बाध्य छन । खासगरी सहरोन्मुख बजार तथा राजमार्ग केन्द्रित स्थानका सहरहरूका होटेल रेष्टुराहरू र घरेलु काममा लगाउने नाममाबाल श्रम बढिरहेको पाइन्छ । परिवारिक कलह , देखासिखी, लहलह , विद्यालय तथा घर परिवारमा वालबालिकाहरु मैत्री वातावरण कायम हुन नसकेका कारण बाल बालिकाहरु घरबाट बाहिर निस्केर वाल श्रममा संलग्न हुने गरेको विभिन्न अनुसन्धनहरुले देखाउदछ ।

दशरथचन्द नगरपालिकाको सन्दर्भमा माथि उल्लेखित सवैखाले समस्याहरु नरहेतापनि घर परिवारको आर्थिक तथा सामाजिक अवस्था कमजोर भएका कारण बाल बालकिाहरु पुर्चौडी नगरपालिका , डिलाशैनी गाउपालिका ,दोगडाकेदार गाउपालिका ,सुनर्यागाउपालिका र छिमेकी जिल्लाहरु(बझांग,वाजुरा,डोटी ,अछाम) दशरथचन्द नगरपालिका तथा भारतका विभिन्न स्थानहरु (झुलाघाट,वड्डा,पिथौरागड)मा बाल श्रममा लागिरहेको अवस्था छ । दशरथचन्द नगरपालिकाको वाल संरक्षण नीति तथा निकृष्ट प्रकारको *बालश्रम सहित सबै प्रकारका बालश्रम निवारणसम्बन्धी राष्ट्रिय गुरु योजनालाई कार्यान्वयनका लागि यो निर्देशिका २०७५ तयार गरिएको छ ।*

परिच्छेद १

## संक्षिप्त नाम र प्रारम्भ

१. संक्षिप्त नाम र प्रारम्भ

१.१ यस निर्देशिकाको नाम "**वालश्रम निवारण तथा *निकृष्ट प्रकारको बालश्रम सहित सबै प्रकारका बालश्रम निवारणसम्बन्धी राष्ट्रिय गुरु योजना कार्यान्वयन निर्देशिका २०७५***" ।

१.२. यो निर्देशिका दशरथचन्द नगर कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ ।

२.परिभाषा: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा ,

(क) "निदेशिका" भन्नाले "बाल श्रम निवारण तथा निकृष्ट प्रकारको बालश्रम सहित सबै प्रकारका बाल श्रम निवारण समबन्धी राष्टिय गुरुयाजना कार्यान्वन निर्देशिका २०७५ बुझ्नु पर्नेछ ।

(ख) "कोष" भन्नाले "बाल श्रममा लागेका बालबालिकाहरुको उद्धार तथा पुर्नस्थापनाका लागि परिचालन गरिने विशेष कोष सम्झनुपर्छ

(ग) "समिति" भन्नाले दशरथचन्द नगरपालिको बाल संरक्षण समिति तथा विशेष्र कोष सञ्चालन , व्यवस्थापन समिति बुझ्नुपर्छ ।

(घ) "नगरपालिका" भन्नाले दशरथचन्द नगरपालिका सम्झनुपर्छ ।

(ङ) "नगर" भन्नाले दशरथचन्द नगरपालिकाको भौगोलिक सीमानालाई सम्झनुपर्छ ।

CS CamScanner

(च) "बाल श्रम" भन्नाले बाल श्रम भनेको १४ वर्ष मुनिका बालबालिकालाई श्रमिकको रुपमा काममा लगाउनु भन्ने बुझिन्छ ,बाल श्रमलाई कानुनले रोक लगाई आएको छ र बाल श्रम बालबालिकाको शोषणको अपराध हो वा " बाल श्रम "भन्नाले कुनै बालबालिकाहरू जीविकोपार्जनको लागि वा श्रमिकको रूपमा समय तोकेर शिक्षा, मनोरन्जन, विकास, सहभागिताबाट बन्चित हुने गरी काममा लगाइएको छ भने त्यसलाई सामान्यत: बालश्रम भनिन्छ ।

(छ.) "बालबालिका" भन्नाले १८ वर्ष उमेर ननाघेका बालबालिकाहरुलाई सम्झनु पर्दछ ।

(ज.)संविधान भन्नाले नेपालको संविधान २०७२ बमोजिम बालबालिका को हकलाई सम्झनु पर्दछ

(झ.)"बाल क्लब" भन्नाले बाल समुह, वडास्तरीय बालक्लब, नगरस्तरीय बालसञ्जाल, बालमञ्च सम्झनु पर्दछ ।

(ञ )सरोकारवाला भन्नाले बाल श्रम निवारण , बाल अधिकारको संरक्षण तथा समबर्द्धनका लागि क्रियाशिल व्यक्ति वा संघ संस्थाहरु सम्झनु पर्दछ ।

## परिच्छेद -२

**२.परिकल्पना :**

दशरथचन्द नगरपालिका तथा नगरपालिका भित्र हुने सवै किसिमका बाल श्रम निवारण गरि दशरथचन्द नगरपालिकालाई बाल श्रम मुक्त नगरपालिका घोषणा गर्ने ।

**४. लक्ष्य :**

बाल श्रममा संलग्न हुने अभिप्रायले नगरपालिका , छिमेकी गाउपालिका तथा छिमेकी जिल्लाहरुबाट दशरथचन्द नगरपालिका भित्र प्रवेश गर्ने बाल बालिकाहरुको पुर्नस्थापना तथा उद्धारमा सहयोग पुऱ्याउनु निर्देशिकाको लक्ष्य रहेको छ ।

**५. उदेश्य :**

१.बाल श्रममा लागेका बालबालिकाहरुको उद्धार तथा पुर्नस्थापनाका लागि जिल्ला स्थित सबै कार्यालय प्रदेश र केन्द्रवीच समन्वय गर्नुका साथै जनसहभागिता जुटाउन पहल गर्ने ।

२.जोखिमपुर्ण कार्यमा संलग्न बालबालिकाहरुको विवरण संकलन गरेर उद्धार तथा पुर्नस्थापना कार्यमा सहयोग गर्ने ।

३.निस्कृष्ट स्तरको बालश्रम निषेध तथा उन्मूलन गर्न तत्काल प्रभावकारी उपायहरु अवलम्बन गर्ने ।

४.बाल श्रम निवारणका लागि सचेतनामुलक अभियान सञ्चालन गर्ने ।

५.बालबालिकाको संरक्षण र बाल अधिकारको सम्बर्धनका लागि दशरथचन्द नगरपालिका भित्र हुने सवै प्रकारका बाल श्रमहरु अन्त्य गर्ने ।

६.बाल श्रमलाई नगरपालिका भित्र पुर्ण रुपमा निषेध गर्ने ।

७.बाल अधिकारका ४ वटा बाकसहरुलाई पुर्ण रुपमा कार्यान्वयन गराउने ।

परिच्छेद ३

कार्यनीतिहरु :

क)बाल श्रममा लागेका बाल बालिकाहरुको लागि कोष स्थापना गर्ने ।

ख) बालश्रम निवारणका लागि सबै सरोकारवाला निकायहरु संग समन्वय तथा सहकार्य गर्ने ।

ग)बाल श्रममा बालबालिकाहरुलाई तत्काल उद्धार पुर्नस्थापना गरि सरोकारवाला निकायहरुको समन्य तथा सहकार्यमा शिक्षा आर्जन गर्ने वातावरण श्रृजना गर्ने ।

घ)बाल श्रम निवारणका लागि शिक्षक, विद्यार्थी,अभिभावक, होटल व्यवशायिहरु बिच निरन्तर अर्न्तक्रिया,बैठक ,गोष्ठी सञ्चालन गर्ने ।

ङ.)बालश्रम निवारणमा जुटेकासहजकर्ता ,सरकारी गैर सरकारी संघ संस्थाहरु ,सामाजिक संस्थाहरुको लागि क्षमता अभिबृद्धि का कार्यक्रम सञ्चालन गर्ने ।

च)बालश्रममा लागेका बाल बालिकाहरुका अभिभावकहरुको लागि आर्थिक उपार्जनका कार्यक्रमहरु प्रदान गर्ने ।

छ.बाल श्रम निवारणका लागि समबद्ध सरोकारवालाहरुको संलग्नतामा सञ्जाल निर्माण गर्ने ।

ज)विहे वारी २० वर्ष पारिको सन्देशलाई घर तथा टोल सम्म पुर्‍याउन सञ्चार माध्यम परिचालन गर्ने ।

झ)बर्षभरी सञ्चालन गरिएका क्रियाकलापहरु वारे सरोकारवाला सबैलाई जानकारी गराउने ।

ञ)बाल श्रम निवारणका लागि टोल तथा वडा स्तरबाट नै योजना तर्जुमा प्रक्रियामा समावेश गर्ने ।

ट)बाल श्रम निवारणका लागि सेवा प्रदायक संस्थाको समन्वय तथा सहकार्यमा काम गर्ने ।

परिच्छेद४

अनुगमन समबन्धी ब्यवस्था :

क)दशरथचन्द नगरपालिका भित्र बाल श्रमको नियमित अनुगमन तथा सुपरिवेक्षणका क्रियाकलापहरु गर्ने ।

ख)सेवा प्रदायक संस्था, बाल श्रम निवारणको क्षेत्रमा कार्यरत अन्य सरोकावाला निकायहरु विच त्रैमासिक रुपले बैठक आयोजना गर्ने र बाल श्रम न्यूनीकरणमा भएका प्रगतिहरु वारे समिक्षा गर्दै कार्ययोजना बनाउदै अगाढी बढने ।

ग)बाल श्रम न्यूनीकरणमा भएका प्रगतिहरुको अनुगमन तथा सुपरिवेक्षण गर्न तपशिल अनुसार अंनुगमन तथा सुपरिवेक्षण समिति रहनेछ ।

CamScanner

१.संयोजक नगर प्रमुख दशरथचन्द नगरपालिका

२.सदश्य प्रमुख प्रशासकिय अधिकृत दशरथचन्द नगरपालिका

३.सदश्य गैर सरकारी संस्था महासंघ

४.सदश्य होटल बयवशायि संघ

५.सदश्य उद्योग बाणिज्य संघ

६.सदश्य सेवा प्रदायक संस्था (रुडेस)

७.सदश्य सचिव सामाजिक विकास शाखा प्रमुख दशरथचन्द नगरपालिका

माथि उल्लेखित अनुगमन तथा सुपरिवेक्षण समितिले केन्द्र तथा प्रदेश सरकारसंग समन्वय गरेर आर्थिक तथा प्राविधिक सहयोग जुटाई आवश्यकतानुसार वाल श्रम निवारणका लागि योजना तर्जुमा कार्यमा समेत सहयोग गर्नेछ। समितीलाई आवश्यक लागेको खण्डमा समय सापेक्ष कुनै पनि बुदामा निर्देशिका संसोधन वा परिमार्जन गर्न सकिनेछ।

CamScanner